फो.नं.४२००४६०
सिंहदरवार काठमाडौं

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
( आर्थिक प्रशासन शाखा )

प.सं. :-२०७६/७७
च.नं. :- ८५८

मितिः- २०७७/०३/२६

विषयः- राजस्व खाताको रकम संचितकोष खातामा ट्रान्सफर गर्ने सम्वन्धमा ।

श्री स्थानीय तह सवै,

नेपाल राष्ट्र बैकद्वारा जारी भएको सरकारी कारोवार निर्देशिका, २०७६ बमोजिम स्थानीय तहमा खोलिएका तपसिलमा उल्लेखित ग-१ स्थानीय तह राजस्व खाताहरु अन्तर्गतका खाताहरुमा आर्थिक वर्षको अन्त्यमा रहेको सम्पूर्ण मौज्दात रकम चालु आर्थिक बर्षभित्रै अनिवार्य रुपमा ग-४.१ स्थानीय तह सञ्चित कोष खातामा ट्रान्सफर गराउने व्यवस्थाकोलागि श्री महालेखा नियन्त्रक कार्यालय प्रणाली विकास,अभिलेख तथा समन्वय शाखाको च.नं.५२ मिति २०७७/०३/२५ को पत्रवाट अनुरोध भई आएको हुँदा उल्लेखित खाताहरुमा मौज्दात रकम कोष तथा लेखा नियन्त्रक कार्यालयहरु संग समन्वय गरी चालु आर्थिक वर्षभित्रै अनिवार्य रुपमा ग-४.१ स्थानीय सञ्चित कोष खातामा ट्रान्सफर गराउने व्यवस्था हुन निर्देशानुसार अनुरोध छ ।

तपसिलः-

ग-१.१ आन्तरिक राजस्व खाता
ग-१.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता
ग-१.३ आन्तरिक अनुदान खाता
ग-१.४ बैदेशिक सहायता अनुदान खाता
ग-१.५ वित्तिय ब्यवस्था तथा ऋण खाता

२०७७/३/२६
उमेश्वर प्रसाद काफ्ले
लेखा अधिकृत

वोधार्थः-

श्री महालेखा नियन्त्रक कार्यालय,
(प्रणाली विकास,अभिलेख तथा समन्वय शाखा)
अनामनगर काठमाडौं ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
७७ जिल्ला ।

श्री सूचना प्रविधि शाखा, website मा अपलोड गर्नु
१५/३/२७